राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या: ४५

मिति: २०८०/०९/२५ गते

स्थान: रा. सो. गा. पा. कार्यालय

आज मिति २०८० साल पौष महिनाको २५ गतेका दिन यस राप्ती सोनारी गाउँपालिका अध्यक्ष श्री लल बहादुर पौडेल ज्यूको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थिति

१. श्री लल बहादुर पौडेल - अध्यक्ष
२. श्री मनिषा सिंह थारु - उपाध्यक्ष
३. श्री धम बहादुर खड्का - १ नं. वडा अध्यक्ष
४. श्री ज्ञानेन्द्रराज वली - २ नं. " "
५. श्री जित कुमार थारु - ३ " " "
६. श्री मिनराज खड्का - ४ " " "
७. श्री मगरु थारु - ५ " " "
८. श्री लवराज खोटल - ६ " " "
९. श्री रामलखन थारु - ७ " " "
१०. श्री शालीकराम डाँगी - ८ " " "
११. श्री सोहन लाल थारु - ९ " " "
१२. श्री धन बहादुर वि.क. - कार्यपालिका सदस्य
१३. श्री केशवराज घमाई - " "
१४. श्री गौत्रा डाँगी - " "
१५. श्री धन कुमारी वली - " "
१६. श्री सुमित्रा थारु - " "
१७. श्री राधिका सुनार - " "
१८. श्री ओम प्रकाश देवकोटा - प्र.प्र.अ (सदस्य सचिव)

कार्य सम्पादन सहयोगी

१९ श्री जनार्दन पौडेल
२० श्री राज तिलक थापा

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या नं. ३५ स्थानः गाउँपालिका मिति २०८०/०९/२५ गते

प्रस्तावहरुः

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. गाउँ सभामा पेश गर्ने कानून सम्बन्धमा।
३. गाउँसभाको १४ औं अधिवेशनको कार्य सूची स्वीकृत सम्बन्धमा।
४. आ. व. ०८१/८२ को आय व्यय अनुमान सम्बन्धमा।
५. राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
६. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
७. सुशासन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
८. लेखा समितिको प्रतिवेदन सम्बन्धमा।
९. विधेयक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१०. स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अङ्कभार अनुमोदन सम्बन्धमा।
११. संघीय समपुरक तथा विशेष कार्यक्रमका योजना छनौट सम्बन्धमा।
१२. उद्यम विकास कार्यक्रम छनौट सम्बन्धमा।
१३. WASH PLAN निर्माणका लागि गणकलाई पारिश्रमिक तोक्ने सम्बन्धमा।
१४. ट्राफिक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धमा।
१५. शीतलहरको समयमा आवश्यक दाउरा उपलब्ध गराउने सम्बन्धमा।
१६. क्रसर उद्योगहरुको अनुगमन तथा विवरण माग गर्ने सम्बन्धमा।
१७. हुलाकी सडक आयोजनालाई अनुरोध गर्ने सम्बन्धमा।
१८. विविध।

क) शोक प्रस्ताव सम्बन्धी।

ख) आर्थिक सहयोग सम्बन्धी

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधेयक समितिमा पठाईएका तपसीलका विधेयक विधेयक समितिबाट प्राप्त सुझाव अनुसार स्वीकृतका लागि गाउँ सभाको १४ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

(१) राप्ती सोनारी प्रहरी ऐन, २०८०

त्यसैगरी कार्यपालिका बैठकबाट छलफलका लागि विधेयक समितिमा पठाईएका तपसीलका कानूनहरु विधेयक समितिबाट प्राप्त सुझाव अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

(२) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८०

(३) "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०

(४) विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

(५) खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यविधि, २०८०

साथै तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधेयक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

(६) राप्ती सोनारी गाउँपालिका अनुदान कार्यविधि, २०८०

**निर्णय नं. ३**

यस गाउँपालिकाको गाउँ सभाको १४औं अधिवेशनमा पेश हुने अनुसूची १ बमोजिमको कार्यसूची अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस गाउँपालिकाको आ व २०८१/८२ का लागि नेपाल सरकार तथा प्रदेश सरकारमा पठाउने अनुसूची २ बमोजिमको आय व्ययको विवरण तोकिएको समय सीमाभित्र पठाउने निर्णय अनुमोदन गरियो।

**निर्णय नं. ५**

केही राजश्वका दरहरु हेरफेर र केही नयाँ दरहरु थप गर्ने गरी यस गाँउपालिकाका उपाध्यक्ष तथा राजश्व परामर्श समितिका संयोजक श्री मनिषा सिंह थारुले पेश गर्नु भएको अनुसूची ३ बमोजिमको प्रतिवेदन तथा अनुसूची ४ बमोजिमको आ. व. २०८०/८१ को आर्थिक ऐन, २०८० मा संसोधनका लागि पेश गर्ने भएको संसोधन प्रस्ताव अनुमोदन गरी गाउँ सभाको १४औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

यस गाँउपालिकाका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक श्री मनिषा सिंह थारुले पेश गर्नु भएको अनुसूची ५ बमोजिमको आ. व. २०८०/८१ को न्यायिक समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १४औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

वडा नं ८ का अध्यक्ष तथा सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री सालिकराम डाँगीले पेश गर्नु भएको अनुसूची ६ बमोजिमको आ. व. २०८०/८१ को सुशासन तथा संस्थागत विकास समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १४औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८**

यस गाँउपालिका कार्यपालिका सदस्य तथा लेखा समितिका संयोजक श्री केशव राज दमाईले पेश गर्नु भएको अनुसूची ७ बमोजिमको आ. व. २०८०/८१ को लेखा समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १४औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

वडा नं ७ का अध्यक्ष तथा विधायन समितिका संयोजक श्री रामलखन थारुले पेश गर्नु भएको अनुसूची ८ बमोजिमको आ. व. २०८०/८१ को विधायन समितिको प्रथम अर्धवार्षिक प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १४औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

आ.व.२०७९/०८० को प्रारम्भिक रुपमा प्राप्त स्थानीय सरकार संस्थागत स्वमूल्याङ्कन (LISA) को अङ्कभार ७४.७५ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को अङ्कभार ८३ का सम्बन्धमा छलफल गरी अनुमोदनका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो । साथै आगामी वर्षमा उच्च अङ्क प्राप्तीका लागि तदारुकताका साथ कार्यसम्पादन गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

**निर्णय नं. ११**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट आ. व. २०८१/८२ का लागि यही मिति २०८० पौष महिनामा माग हुने संघीय समपुरक तथा विशेष कार्यक्रम तर्फ तपसीलका आयोजनाहरु माग गर्नुका साथै समपुरक तर्फका आयोजनामा ५० (पचास) % रकम गाँउपालिकाको तर्फबाट सहलगानी गर्ने प्रतिवद्दता जनाउने निर्णय गरियो ।

तपसीलः

(क) समपुरक तर्फ

१. राप्ती सोनारी गाउँपालिका वार्ड नं १ मा भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम- रू २,०७,८४,८३२।९६

२. राप्ती सोनारी गाउँपालिका वार्ड नं २ मा कचनापुर सडक पक्की बाटो निर्माण क्रमागत- रू ३,०५,०९,८५५।२६

३. राप्ती सोनारी गाउँपालिका वार्ड नं ४ मा रिङ्ग रोड निर्माण (रामकुट्टी देखि बन्तरीसम्म २ कि मि कालोपत्रे) - रू १६९३२७।६७

(ख) विशेष तर्फ

(१) टिनको छानो भएका सामुदायिक विद्यालयमा जिप्सन वा प्लाईउड लगाउने, शौचालय निर्माण तथा मर्मत र खानेपानी व्यवस्थापन कार्यक्रम रु २ करोड

**निर्णय नं. १२**

प्रत्येक वर्ष झैं यस आर्थिक वर्षमा पनि नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको शसर्त अनुदानका रुपमा प्राप्त उद्यम विकास कार्यक्रमबाट परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिलाई कटाई, कृषि उद्यमी तयार जस्ता कार्यक्रम सञ्चालन नगरी दीगो आर्थिक उपार्जन गर्ने खालका दुना टपरी बनाउने सीप सम्बन्धी तालिम, दलित जातिको परम्परागत हातहतियार बनाउने सीप सम्बन्धी तालिम र थारु जातिको ढकिया/छिटुवा बनाउने सीप सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्न भनी उद्यम विकास तथा महिला बालवालिका शाखाबाट प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राप्त प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

कार्यपालिका बैठक २०८०/०९/२५

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

**निर्णय नं. १३**

यस गाउँपालिकाको लागि आवश्यक WASH PLAN निर्माण गर्न खटाउनु पर्ने गणकलाई उपलब्ध गराउने पारिश्रमिकका सम्बन्धमा खानेपानी तथा सरसफाई इकाई मार्फत प्राप्त विवरणका आधारमा तपसील अनुसार प्रति व्यक्ति प्रति घरधुरी उपलब्ध गराउने र Inventory कार्य थप गर्नु परेमा रू १५ प्रति घरधुरी थप गर्ने निर्णय गरियो।

तपसीलः

क) राप्ती सोनारी वार्ड नं १ र वार्ड नं ४ को पहाडी क्षेत्रका लागि रू ३५ प्रति घर

ख) अन्य सम्पूर्ण स्थानका लागि रू ३० प्रति घर

**निर्णय नं. १४**

हुलाकी राजमार्गको निर्माण र यस गाउँपालिकामा अटो तथा विद्युतीय रिक्सा दर्ता कार्य शुरू भएसंगै यस क्षेत्रमा बढ्न सक्ने दुर्घटना न्यूनीकरणका लागि इलाका प्रहरी कार्यालयले पेश गरेको ट्राफिक सचेतना सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने तथा कार्यक्रम यथाशीघ्र संचालन गर्न निर्णय गरियो।

**निर्णय नं. १५**

यस वर्षको हिउँदको समयमा फैलिएको शीतलहरको प्रभाव कम गर्न यस गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुलाई आफ्नो कार्यक्षेत्र भित्रका नागरिकहरुलाई राहत पुग्ने गरी दाउरा वितरण गर्न अनुरोध गर्ने निर्णय गरियो।

विविध विषयमा तपसील अनुसार निर्णय गरियो।

**निर्णय नं. १६**

यस गाउँपालिका भित्र सञ्चालनमा रहेका क्रसर उद्योग तथा वालुवा प्रशोधन उद्योगहरुको **ढुंगा, गिट्टी, वालुवा उत्खनन् , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७** को दफा ९ बमोजिमको समितिलाई दफा ११ (५) बमोजिम अनुगमनका लागि अनुरोध गर्ने र उद्योगहरुलाई दफा ११ (६) बमोजिमको विवरण पेश गर्न भनी पटक पटक पत्राचार गर्दा समेत हालसम्म विवरण प्राप्त हुन आएको अभिलेखबाट नदेखिएकोले २०८० माघ मसान्तसम्म विवरण पेश गर्न पुनः पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं. १७**

यस गाउँपालिका अन्तर्गत हुलाकी सडक खण्डसंग जोडिएका तपसीलका स्थानहरुमा यसै आ. व. २०८०/८१ मा पुल वा कलभर्ट निर्माण र कालो पत्रे वा पिसिसि ढलान गर्नका लागि हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय, नेपालगंज बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो।

| सि नं | ठेगाना | स्थान | कैफियत |
|---|---|---|---|
| १ | राप्ती सोनारी गा. पा. - ६ | ढलैया खोलामा पुल वा कलभर्ट | पुल वा कलभर्ट |
| २ | राप्ती सोनारी गा. पा. - ४ | राप्ती सोनारी अस्पताल अगाडि | कालोपत्र वा पिसिसि |
| ३ | राप्ती सोनारी गा. पा. – ५ | राप्ती सोनारी रंगशाला अगाडि | कालोपत्र वा पिसिसि |
| ४ | राप्ती सोनारी गा. पा. – ५ | भुवरभवानी मा. वि. अगाडि | कालोपत्र वा पिसिसि |

**निर्णय नं. १८**

(क) यस गाउँपालिकाको वार्ड नं १ मा सचिवका रुपमा कार्यरत कर्मचारी सहायक पाँचौ श्री रुपेश कुमार श्रेष्ठको ममतामयी माताको असामयिक निधनका कारण घरपरिवार प्रति गहिरो समवेदना प्रकट गर्ने तथा मृत आत्माको चीर शान्तीको कामना गर्ने।

(ख) क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला सङ्गठन समिति, बाँकेको पत्रानुसार विभिन्न अधिवेशन संचालन गर्ने आर्थिक सहायता माग भई आएकोले रू. ५० हजार अन्य विविध कार्यक्रम खर्च शीर्षकबाट सहयोग गर्ने।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner